म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- १०५ २०८१ फागुन २० गते मंगलबार 4 March 2025, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-




# हेटौंडा अस्पतालमा मुटु स्वास्थ्य सेवा विस्तार हुँदै



*जनशक्तिको अभावमा बन्द अवस्थामा हेटौंडा अस्पतालको मुटु स्वास्थ्य परीक्षण वार्ड ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा अस्पतालले मुटु स्वास्थ्य सम्बन्धी सेवा विस्तारको तयारी गरेको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौंडा अस्पतालमा आगामी साताबाटै सेवा विस्तारको तयारी गरेको हो । विगत लामो समयदेखि प्रयास गर्दा पनि अस्पतालमा उक्त सेवा सुरु गर्न कठिन भएको थियो । विशेषगरी अस्पतालमा विशेषज्ञ डाक्टर नहुँदा सेवा संचालन हुन सकेको थिएन । अस्पतालमा सो सेवा संचालनका उपकरण हुँदा पनि जनशक्ति नहुँदा सेवा संचालनमा बाधा पुगेको थियो ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार तथा हेटौंडा अस्पताल संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष भीमसागर गुरागाईका अनुसार सम्भव रहेसम्म आगामी आइतबारबाट सेवा संचालनको तयारी गरिएको छ । यसै साता सेवा थप गरी उपचार कार्य अघि बढाउने तयारी गरिए पनि व्यवस्थापनको काम पूरा नहुँदा समस्या भएको उहाँले बताउनुभयो ।

टिचिङ अस्पतालमा अध्ययनरत मुटु स्वास्थ्य विशेषज्ञ डा. विकेश श्रेष्ठ अस्पतालमा हाजिर भए लगत्तै सेवा संचालनको तयारी गरिएको उहाँले बताउनुभयो । अस्पतालमा रहेको उपकरण र विशेषज्ञ चिकित्सक पनि प्राप्त भएपछि सेवा विस्तारको तयारी गरेको उहाँको भनाई छ । अस्पतालमा मुटु स्वास्थ्य सेवा थप भएसँगै मुटु सम्बन्धी स्वास्थ्य समस्या हुँदा भरतपुर तथा काठमाडौं जानुपर्ने बाध्यता अन्त्य हुने उहाँले दावी गर्नुभयो ।

अस्पतालमा मुटु स्वास्थ्य विशेषज्ञ प्राप्त भएसँगै उपचार र इको, ईसीजी, टीएमटी जस्ता परीक्षण गर्न बाहिर जानुपर्ने बाध्यता हट्ने उहाँको भनाई छ । रजिष्ट्रार गुरागाईका अनुसार हेटौंडा अस्पतालमा २०८० सालमा नै मुटु स्वास्थ्य सम्बन्धी उपचार तथा परीक्षणका लागि उपकरणहरु प्राप्त भएको थियो । मुटु स्वास्थ्य विशेषज्ञ नहुँदा उक्त उपकरण थन्किएर रहेको थियो । विशेषज्ञ चिकित्सकको अभावमा मुटुको जाँचका लागि ल्याइएका उपकरण विगत एक वर्षदेखि थन्किएको थियो ।

रोटरी क्लब अफ मकवानपुरले हेटौंडा उपमहानगरपालिकासँगको साझेदारीमा १ करोड रुपैयाँ मूल्य बराबरको मुटु परीक्षण उपकरण अस्पताललाई उपलब्ध गराएको थियो । सो उपकरण प्राप्त भएसँगै अस्पतालले मुटु स्वास्थ्य सम्बन्धी विशेषज्ञ डाक्टर नियुक्तिको पहल गरेको थियो । तर, डाक्टर नपाउँदा सेवा विस्तारको काम अघि बढ्न सकेको थिएन ।

बिरामीको अत्यधिक चाप रहने अस्पतालमा चिकित्सक नभएर उपकरण थन्काउन बाध्य भएसँगै प्रतिष्ठानले पटक-पटक पहल गरेपछि संघीय सरकारले टिचिङबाट अध्यापन गर्नुभएका डा. श्रेष्ठलाई पठाएको रजिष्ट्रार गुरागाईले बताउनुभयो । प्रतिष्ठान र अस्पतालले गत वैशाखमा पनि विशेषज्ञ डाक्टर नियुक्तिका लागि आवेदन माग गरेको थियो । माग अनुसार एक जना चिकित्सकको आवेदन परे पनि मापदण्ड अनुकुल नहुँदा नियुक्त गर्न कठिन भएको थियो ।

प्रतिष्ठानले गत फागुन १३ मा पनि एक जना मुटु स्वास्थ्य विशेषज्ञ नियुक्तिका लागि आवेदन माग गरेको उहाँले बताउनुभयो । अस्पतालबाट तत्काल मुटु स्वास्थ्य सम्बन्धी ओपिडी सेवा संचालन गरिने र सामान्य शल्यक्रिया सेवा लिन भने बाहिरी जिल्ला जानु पर्ने उहाँले बताउनुभयो । २ जना चिकित्सकबाट हाल उपचार तथा परीक्षण गर्ने र क्रमशः व्यवस्थापन गर्दै आगामी वर्षमा थप विशेषज्ञ सेवासहित शल्यक्रिया लगायतका सेवा विस्तार गर्ने योजना रहेको उहाँको भनाई छ । अस्पतालमा निर्माणाधिन भवन प्राप्त भएसँगै आगामी आर्थिक वर्षमा मुटु स्वास्थ्य सम्बन्धी शल्यक्रियाका लागि आवश्यक उपकरण थप गरी सेवा अघि बढाउने तयारी रहेको उहाँले बताउनुभयो ।

## ट्रकको ठक्करबाट निमबहादुरको मृत्यु

समाज संवाददाता

हेटौंडा : पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरीमा ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार एकजनाको मृत्यु भएको छ । सोमबार बिहान ९ बजेर ५ मिनेटको समयमा मनहरी पुलमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना १६ प ३१८१ नम्बरको मोटरसाइकललाई सोही दिशाबाट आउँदै गरेको ना ६ ख ४०५५ नम्बरको ट्रकले ठक्कर दिएको थियो ।

ट्रकको ठक्करबाट मोटरसाइकल चालक चितवन जिल्लाको रत्ननगर नगरपालिका-१६, पिठुवाका ५५ वर्षीय रामजी गौतम र मोटरसाइकलको पछाडि सवार पिठुवाकै ५६ वर्षीय निमबहादुर थापा घाइते भएका थिए । टाउकोमा गम्भीर चोट लागेका निमबहादुरको उपचारको क्रममा मनहरी अस्पतालमा ९ बजेर १५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालक गौतमको खुट्टामा चोट लागेको छ । गौतमलाई उपचारका लागि चितवन रेफर गरिएको छ । प्रहरीले ट्रक र ट्रक चालक बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका-२१, अमलेखगन्जका ३९ वर्षीय ओम प्रसाद खनाल प्रहरीको नियन्त्रणमा रहेको छ ।

## माघमा १९ किशोरी आमा बने

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा माघ महिनामा १९ किशोरी आमा बनेका छन् । २ सय ४१ जना गर्भवतीले शिशुलाई जन्म दिँदा किशोरावस्थामै २१ जना किशोरी आमा बनेको हेटौंडा अस्पतालका मेडिकल रेकर्डर सफलचन्द्र कँडेलले जानकारी दिनुभयो ।

माघ महिनामा अस्पतालमा १ सय ५१ सामान्य, १० जटिल र ८० शल्यक्रियामार्फत् प्रसुति गराइएको उहाँले बताउनुभयो । गत पुस महिनामा २० वर्षभन्दा कम उमेरका २१ जना किशोरी आमा बनेका थिए । अस्पतालमा २ सय ८३ जना गर्भवतीले शिशुलाई जन्म दिँदा किशोरावस्थामै २१ जना किशोरी आमा बनेका थिए ।

पुस महिनामा हेटौंडा अस्पतालमा ७ जना गर्भवतीको जटिल शल्यक्रिया गरेर शिशु निकाल्नु परेको र एक सय १८ जना गर्भवतीलाई शल्यक्रिया गरेर शिशु निकालिएको थियो । यस्तै, एक सय ५८ जना गर्भवतीले सामान्यरुपमा शिशुलाई जन्म दिएका थिए ।

यसअघि, मंसिर महिनामा २० वर्षभन्दा कम उमेरका २२ जना किशोरी आमा बनेका थिए । ३ सय २२ जना आमा बन्दा किशोरावस्थामै २२ जना आमा बनेका हुन् । यस्तै, कात्तिक महिनामा २३ जना किशोरी आमा बनेका थिए । २ सय ९७ गर्भवतीले शिशुलाई जन्म दिँदा २० वर्षभन्दा कम उमेरमै २३ किशोरीले शिशुलाई जन्म दिएका हुन् ।

चालु आर्थिक वर्षको साउन महिनामा २६ जना, भदौमा १९ जना र असोजमा १२ जना किशोरी आमा बनेका छन् । गरिबी र अशिक्षाका कारण मकवानपुरका ग्रामीण क्षेत्रमा अझै बालविवाह नरोकिनुले किशोरीहरु आमा बन्ने क्रम जारी छ । हेटौंडा उपमहानगर भित्रका ग्रामीण वडामा पनि बालविवाह रोक्न सकिएको छैन ।

२० वर्षभन्दा कम उमेरमा विवाह गर्नु, गराउनु नेपालको वर्तमान कानुनले दण्डनीय अपराध ठहऱ्याएको छ । तर, मकवानपुरमा उमेर नपुगी बालविवाह गर्ने र किशोरीहरु आमा बन्ने क्रम भने रोकिएको छैन ।

## घाँस काट्न हिँडेकी सीतामाया मृत भेटिइन्

समाज संवाददाता

हेटौंडा : मकवानपुरको राक्सिराङ गाउँपालिकामा घाँस काट्न गएकी एक महिला मृत भेटिएकी छिन् । राक्सिराङ गाउँपालिका-६, कोलडाँडाकी ४९ वर्षीय सीतामाया गलान शुक्रबार बिहान ९ बजेको समयमा घाँस काट्न भनी निस्किएकी थिइन् । आइतबार घरदेखि एक किलोमिटर पश्चिमतर्फको सिलिङ्गे सामुदायिक वनमा सीतामाया मृत भेटिएको प्रहरीले जानकारी दिएको छ ।

सिलिङगे सामुदायिक वनको भिरबाट तल खसेर सीतामाया मृत अवस्थामा भेटिएको भनी खबर प्राप्त भएपछि प्रहरी खटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीले घटनाको अनुसन्धान गरिरहेको जनाएको छ ।






# सम्पादकीय

## महोत्सवको सफलता मापन

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा भएको राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव आइतबार सकिएको छ । फागुन ६ गतेबाट सुरु भएको दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव १३ दिनसम्म चलेको थियो । निर्माण क्षेत्रमा प्रयोगमा आएका अत्याधुनिक उपकरण र निर्माण सामग्रीको प्रदर्शनीसँगै बिक्री कार्यलाई जोड दिइएको आयोजकको दावी छ । महोत्सवबाट निर्माण सामग्री उद्योगी, बिक्रेता र प्रयोगकर्ताबीच सोझो सम्पर्क हुनुका साथै यसबाट व्यवसाय वृद्धिसँगै उत्पादित वस्तुहरुको बजार प्रवर्द्धन भएको बताइएको छ । निर्माण व्यवसायीहरु आफ्नै समस्यामा रहेको अवस्थामा समग्र आर्थिक गतिविधिलाई चलायमान बनाउन महोत्सव सफल भएको दावी गरिएको छ । हेटौंडा-१० स्थित टिसीएन चौरमा भएको महोत्सवमा एक लाख दर्शकले अवलोकन गरेको संघले जनाएको छ । महोत्सवमा ६ करोड रुपैयाँ बराबरको कारोबार भएको बताइएको छ । महोत्सवको आम्दानी तथा खर्चको विवरण नआएको भए पनि बचेको रकम निर्माण व्यवसायी संघको नयाँ भवन निर्माणमा प्रयोग गरिने जानकारी दिइएको छ ।

कोभिड-१९ को महामारी अगाडि हेटौंडामा वर्षेनि व्यापार महोत्सव हुने गर्दथ्यो । त्यतिबेला मकवानपुर उद्योग वाणिज्य संघ र निर्माण व्यवसायी संघ मकवानपुरले आलोपालो गरेर प्रत्येक वर्ष महोत्सव आयोजना गर्दथे । केही वर्ष सुमन भोम्जन स्मृति खेलकुद प्रतिष्ठानको आयोजनामा पनि महोत्सव गरिएको थियो । करिब ७-८ वर्ष अगाडि हुने गरेको महोत्सवहरुमा दुई लाखको हाराहारीमा अवलोकनकर्ता र आठ-दश करोड रुपियाँसम्मको व्यावसायिक कारोबार हुने गर्दथ्यो । त्यस आधारमा निर्माण व्यवसायी संघ मकवानपुरले यस वर्ष आयोजना गरेको महोत्सवमा अवलोकनकर्ताको उपस्थिति र कारोबार रकम न्यून मान्न सकिन्छ । समग्र आर्थिक क्षेत्रमा मन्दीजस्तै अवस्था रहेको समयमा गरिएको महोत्सवमा व्यावसायिक कारोबार कम हुनु स्वभाविक हो । अर्कोतर्फ महोत्सव आयोजकले कति दर्शकले अवलोकन गर्छन् र कति रकमको कारोबार हुन्छ भन्ने अनुमानसमेत सार्वजनिक नगरेको अवस्थामा महोत्सव अवलोकनकर्ताको संख्या र कारोबार रकम कम वा बढी भन्न मिल्ने अवस्था देखिँदैन ।

जोकसैले व्यापार महोत्सव आयोजना गर्नु भन्दा पनि महोत्सव फलदायी भयो वा भएन भन्ने विषय महत्वपूर्ण हुन्छ । महोत्सवमा कति आम्दानी र खर्च भयो भन्ने कुराले पनि महत्व राख्दछ । महोत्सवबाट हुने बचतको सदुपयोग र महोत्सवको आम्दानी-खर्चको पारदर्शिता भएन भने महोत्सव निरर्थक हुन्छ । विगतमा पनि विभिन्न संघसंस्थाले आयोजना गरेका यस्ता व्यापार महोत्सवको पारदर्शिताको विषयमा आवाज उठ्ने गरेको हुँदा आयोजकले समयमै वास्तविक हिसाब सार्वजनिक गर्नु आवश्यक हुन्छ । महोत्सव उत्पादक वा बिक्रेता र क्रेताबीच सिधा सम्पर्कको माध्यम हुने गरेको छ । अधिकांश महोत्सवमा आउने दर्शकले आवश्यक सामान खरिद गर्ने गर्दछन् । तर, महोत्सवको नाममा गुणस्तरहीन वस्तु वा सेवाको कारोबारले प्राथमिकता पाएको थियो वा थिएन भन्नेतर्फ पनि महोत्सवका आयोजकहरु सतर्क हुनुपर्छ ।

निर्माण व्यवसायी संघले महोत्सव आयोजना गर्ने तयारी गरेपछि मकवानपुर उद्योग वाणिज्य संघले स्थानीय व्यवसायीको कारोबारमा असर पुग्ने भन्दै महोत्सव नगर्न आग्रह गरेको थियो । उद्योग वाणिज्य संघले स्थानीय प्रशासन तथा स्थानीय सरकारको ध्यानाकर्षण गराए पनि महोत्सव भयो । महोत्सवमा विगतमा जस्तै थुप्रै राष्ट्रिय स्तरका कलाकारको दैनिक मनोरञ्जनात्मक प्रस्तुति रहेको थियो । बिक्रीमूलक, प्रदर्शनीमूलक, मनोरञ्जनात्मक, सांस्कृतिक सबै पक्ष समावेश भएको महोत्सवको सकारात्मक वा नकारात्मक पक्षहरु विस्तारै उजागर हुँदै जाला । जुन उद्देश्यले महोत्सव आयोजना गरिएको थियो, त्यो पूरा भयो वा भएन भन्ने बारेमा हुने समीक्षाबाट महोत्सवको सफलता मापन गर्न सकिन्छ । अहिलेलाई आयोजकले महोत्सव सहजरुपमा सम्पन्न गरेको छ, त्यही नै महोत्सवको सफलता मान्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : नोकरीमा मन अशान्त हुने समय योग छ । |
| वृष | : वैदेशिक प्रयोजनका कामहरु अधुरा रहलान् । |
| मिथुन | : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ । |
| कर्कट | : व्यक्तित्व विकासले लाभ प्राप्त हुने समय छ । |
| सिंह | : धार्मिक तथा सामाजिक काममा सरिक भइने छ । |
| कन्या | : प्रशासनिक र कार्यक्षेत्रमा सरिक भइने समय छ । |
| तुला | : पद–प्रतिष्ठा र सम्मान प्राप्त हुने समय योग छ । |
| वृश्चिक | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| धनु | : सु–स्वास्थ्य र आहारविहारमा ध्यान दिँदा राम्रो । |
| मकर | : रमझममा मन रमाउने समय योग देखिन्छ । |
| कुम्भ | : धार्मिक तथा सामाजिक काममा सरिक भइने छ । |
| मीन | : बौद्धिक र प्राज्ञिक क्षेत्रमा मन जाने योग छ । |

# त्रिविमा मेरिटोक्रेसीको प्रश्न

**मेरिटोक्रेसीबाट सावधिक पदमा छनोट भएकाहरूले फेरि राजनीतिक भागबन्डालाई बढावा दिने हो भने न त्रिविले गति लिन सक्छ न त उहाँहरूको एकेडेमिक क्षमता नै प्रदर्शन हुनसक्छ ।**



✍ सुदर्शन रिजाल



त्रिभुवन विश्व विद्यालयका उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटाको कार्यकाल सकिएपछि केही महिना विश्व विद्यालय निमित्त कुलपतिको भरमा सञ्चालन भयो । समयको माग र नयाँ राजनीतिक परिस्थितिले उपकुलपति छनोटमा तुलनात्मक रुपमा सुधारात्मक पद्धतिको सुरुवात गरियो ।

यद्यपि उपकुलपति छनोट समिति गठनमै चलखेल भएका कुराहरु चर्चामा आए । उपकुलपति छनोटको मापदण्ड बनाउने कुरामै पनि चलखेल भए । तर पनि उपकुलपति छनोटमा सुधारात्मक मापदण्ड बन्यो । मापदण्ड सार्वजनिक भयो ।

मापदण्डका सकारात्मक नकारात्मक पक्षका बारेमा बहसहरु भए । अझै पनि भइरहेका छन् । विगतमा आफू अनुकुलको सर्च कमिटी बनाएर सर्च कमिटीले नाम सिफारिस गर्ने परम्पराको अन्त्य भयो । उपकलुपति हुन चाहनेहरू कम्तीमा भिजन पेपर लेख्नुपर्ने कानुनी बाध्यताको दायरामा आए ।

कुलपति हुन चाहनेहरुले आफ्नो कार्यकालमा विश्व विद्यालय सुधार योजना प्रस्तुत गर्न बाध्य भए । प्रधानमन्त्री अर्थात कुलपति निकट हुँ भन्दैमा भिजन पेपर नलेखी उपकुलपति बन्ने परम्पराको अन्त्य भयो ।

विगतदेखि नै प्रधानमन्त्रीले आफू निकटको आस्थाका व्यक्तिलाई उपकुलपति नियुक्त गर्छन भन्ने आम विश्वासका कारण फरक आस्थाका योग्य धेरै प्राध्यापक डाक्टरहरुले उपकुलपतिमा आवेदन नै दिएनन् । तथापि नयाँ मापदण्डले एउटै आस्था संगठनभित्र पनि प्रतिष्पर्धा गर्ने नयाँ परम्पराको सुरुआत भयो ।

फरक आस्थाका क्षमतावानहरू समेत प्रतिष्पर्धामा आएर विश्व विद्यालय सुधारका योजनाहरु प्रस्तुत गरे । आफूले गरेका कामहरू डकुमेन्टेशन गर्नुपर्दोरहेछ भन्ने कुराको महसुस आम प्राज्ञिक वर्गमा भयो । विद्यावारिधी, अनुसन्धान कार्य र अनुसन्धान लेखनलाई महत्वपूर्ण हो भन्ने कुरा महसुस सर्बत्र भइरहेको छ । यद्यपि यो सबै ठाँउका प्रशासनिक पदहरुमा पनि आवश्यक हो होइन भन्ने अर्को कोणबाट विमर्शको सुरु पनि भइरहेको छ ।

मूलधारका मिडियामार्फत बाहिर आएको सूचना अनुसार मेरिटोक्रेसीमा दुई नम्बरमा हुनुभएका प्रा.डा. केशरजंग बराल उपकुलपति छनोट भई कार्यरत हुनुहुन्छ । उपकुलपति पछिका पदाधिकारी र सावधिक पदहरुको चयनमा कार्यविधिहरु निर्माण भए । रेक्टर र रजिष्ट्रार छनोटमा संगठनको सिफारिसका व्यक्तिहरू परेनन् । कार्यविधिको मापदण्डमा टेकेर फरक-फरक आस्था नजिक भएका रेक्टर र रजिष्ट्रार नियुक्त भए ।

एकातिर भिसीले आफू अनुकुलका प्रा.डा.हरू रेक्टर र रजिष्ट्रार छनोट गरे भन्ने चर्चाहरू भइरहेका छन् भने अर्कोतिर क्षमता भएकाहरू प्रतिष्पर्धाबाट आए भन्ने चर्चा पनि चलिरहेको छ । नयाँ प्रक्रियाबाट आएका भिसी, रेक्टर र रजिष्ट्रार लगायतका पदाधिकारीहरुले विश्व विद्यालय सुधारमा केही पारदर्शी प्रयत्नहरू गर्दैछन भन्ने चर्चा चलिरहेको छ । हिजोको दिनमा संघ-संगठन हावी हुने परम्परा क्रमशः घट्दो अवस्थामा देखिन थालेको छ ।

नयाँ पदाधिकारीहरुहरुले डीन, निर्देशकहरू, सहायक डीन, विभाग प्रमुख, परीक्षा नियन्त्रक, सह-परीक्षा नियन्त्रक, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुखहरू लगायतका सावधिक पदहरुमा नियुक्तिका लागि नयाँ मापदण्ड बनाए । सावधिक पदमा नियुक्तिको आधार र मापदण्डसम्बन्धी विनियम २०८१ बनेर कार्यान्वनमा आएको छ । यद्यपि विनियम बन्ने बेला समितिले सरोकारवालासँग प्रयाप्त छलफल नगरी सावधिक पदसँग मेल नखाने विषयमा धेरै नम्बर राख्ने प्रावधानले विनियममा तत्काले सुधार गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

उदाहरणका लागि सावधिक पदमा प्राध्यापक र सह-प्राध्यापकका लागि छुट्टै अंक सुरक्षित नगरिनु, रिडर र प्राध्यापक बढुवामा राखिएको एम फिल उपाधिवापतको केही अंक सावधिक पदमा नराखिनु, प्रसासनिक पदका लागि प्रशासनिक अनुभवलाई बढी अंक राख्नु पर्नेमा अन्तर्राष्ट्रिय जर्नलमा लेख प्रकाशन गरेको कुरालाई धेरै अंक राखिनु, क्याम्पस प्रमुखका लागि सहायक क्याम्पस प्रमुखको अनुभवको अंक कम र क्याम्पसका विषयगत विभाग प्रमुखको अनुभवको अंक बढी राख्नु, आदी विषयले विनियममा तत्काल संशोधन गरी त्रुटि सच्चाउनु पर्ने देखिन्छ ।

अन्यथा विनियममा नभएको प्रावधान अनुसार पनि गर्न नसकिने अनि पदाधिकारीले प्राध्यापकलाई नबनाई सह-प्राध्यापक बनाए । सह-प्राध्यापकलाई नबनाई उप-प्राध्यापकलाई बनाए भन्ने जस्ता गलत भाष्य निर्माण गरी मापदण्ड नै फेल गराउने र सुधारका प्रयत्नमा नै बाधा पर्ने देखिन्छ ।

विगतको परम्परा विपरीत सावधिक पदमा नियुक्तिको आधार र मापदण्डसम्बन्धी विनियम २०८१ कार्यान्वनयमा आइसकेको छ । सोही अनुसार सह-परीक्षा नियन्त्रकहरू, डीन र दुई दर्जन बढी क्याम्पस प्रमुखहरू र सहायक डीनहरु नियुक्त भइसकेका छन् । यस्ले विगतको भागबन्डाको परम्परालाई केही हदसम्म तोडेको छ । यस बीचमा संघसंगठनहरु सावधिक पदहरू आफ्नो संघ संगठनको पक्षमा पार्न गरेका प्रयत्नहरु असफल हुन थालेका छन् । चाहेका पद नपाएको र नचाहेका पद संघ संगठन नजिकका साथीले पाएको अवस्था छ ।

अब बिस्तारै यसलाई आफ्नै क्षमताले/सावधिक पदमा नियुक्तिको आधार र विनियमले पाएको रुपमा व्याख्या गर्न थालिएको छ । यो सँगसँगै सावधिक पदका प्रतिष्पर्धीहरुले सावधिक पदमा नियुक्तिका आधार र प्रतिष्पर्धीहरुले प्राप्त गरेको प्राप्तांक सेवा आयोगले जस्तै सार्वजनिक गर्नुपर्ने आवाजहरु उठ्न थालेको छ ।

सबैभन्दा पारदर्शिता सावधिक पद छनोट समितिको गठनमा खोजिएको छ । सावधिक पद छनोट गर्ने योग्य व्यक्तिहरु को-को हुन सक्छन् ? सार्वजनिक सूचना जारी गरेर उनीहरुको रोष्टर तयार गरिनु पर्दछ । सोही रोष्टरमा रहेका व्यक्तिहरुबाट चिट्ठा विधिबाट छनोट समिति गठन गर्ने विधि अपनाइएमा त्यो विधि तुलनात्मक रुपमा निष्पक्ष मानिन्छ ।

पछिल्ला दिनमा छनोट समिति गठन गर्दा फरक-फरक आस्थाका ३ प्राध्यापक वा सह-प्राध्यापक बनाइएको छ । यस्ले एकातिर संघ-संगठनलाइ नै जिम्मा दिएर पदाधिकारीहरु उम्कन खोजेको जस्तो टिकाटिप्पणी हुन थालेको छ । अर्कोतिर एकलौटी हुने कुरामा रोक पनि लगाएको छ । पदाधिकारीहरुले डीन र क्याम्पस प्रमुखहरुको नियुक्ति गर्दा समितिले सिफारिस गरेका ३ जनामध्ये कतै कतै ३ नरुम्बर र २ नम्बरमा रहेकालाई पनि सिफारिस गरे भन्ने चर्चा भइरहेका छन् ।

मेरिटोक्रेसी नै लागू गर्ने हो भने ३ जनाको सिफारिस किन जरुरी पर्‍यो भन्ने अर्को प्रश्न ज्वलन्त उठेको छ । मेरिटोक्रेसीमा १ नरुम्बरमा परेको नाम स्वत सिफारिस र २ नम्बरलाई एक वर्षसम्मका लागि वैकल्पिकको अवसर दिने विधि झनै पारदर्शी हो भन्ने कुरामा किन बुझ पचाई गर्ने ? अनि छनोट समितिले १, २ र ३ नम्बर भनेर सिफारिस गर्‍यो भने पदाधिकारीले फेरी २ र ३ नम्बर छान्ने किन ? यो बिषय पनि बहसका माध्यमबाट निष्कर्षमा पुग्ने विषय बन्नुपर्छ ।

यसै मेसोमा महेन्द्र बहुमुखी क्याम्पस दाङको प्रमुख पदको प्रतिष्पर्धामा म आफैं प्रतिष्पर्धी भएर मेरिटोक्रेसीको प्रत्यक्ष अनुभव गर्ने मौका पाएँ । सावधिक पदमा नियुक्तिको आधार र मापदण्ड सम्बन्धी विनियम २०८१ बन्दाको बेला एम फिलका नम्बर नराखिएको र प्रशासनिक अनुभवमा कम अंक राखिएका कारण निर्णय मेरो पक्षमा हुन सकेन् ।

तथापरि विनियम बमोजिम मेरिटोक्रेसीको पालना भएको महसुस गरेको छु । दाङ क्याम्पससँगै डडेल्धुरा क्याम्पसको प्रमुख छनोटमा पनि मेरिटोक्रेसीले काम गरी १ नंरुम्बरमा आउनु पर्ने सर नै १ नम्बरमा आउनुभएको छ । त्यो त्यहाँका राजनीतिक नेताको पहलमा नभई उहाँहरुको व्यक्तिगत क्षमता र विनियममा भएको मूल्याङ्कनका आधारका कारण भएको हो भन्ने मेरो बुझाइ रहेको छ ।

विनियममा भएका प्रावधानले कतै विद्यावारिधि गरेका अनुसन्धानमा लाग्नुपर्ने जनसक्तिको अनुभवलाई प्रशासनिक झमेलामा अल्झाउने त होइन भन्ने प्रश्न उठ्न सक्छ । प्रश्नहरु उठाइन थालेका पनि छन् । यसै बहानामा विनियम नै त्रुटिपूर्ण रहेछ भन्ने भाष्य निर्माण नहोस । विनियम बमोजिम सावधिक पदमा छनोट भएकाहरुले आफूमा भएको एकेडेमिक क्षमतालाई प्रशासनिक क्षेत्रमा समेत प्रदर्शन गर्न सक्नुपर्छ । जुन आगामी दिनले देखाउने नै छ ।

मेरिटोक्रेसीबाट सावधिक पदमा छनोट भएकाहरुले फेरि राजनीतिक भागबन्डालाई बढावा दिने हो भने न त त्रिविले गति लिन सक्छ न त उहाँहरुको एकेडेमिक क्षमता नै प्रदर्शन हुन सक्छ । सञ्चार जगतले पनि सावधिक पदहरुमा आफ्नै क्षमतामा अब्बल सावित भएकाहरुलाई कुनै आस्थासँग नजिक भएको आधारमा फलानो क्याम्पस फलानो पार्टीले पायो भन्ने गलत सूचना सम्प्रेषण नगर्नु हुन मेरो विनम्र अनुरोध छ ।

त्रिभुवन विश्व विद्यालयलाई झण्डै दुई दशकदेखि आफैं यसको अंग भएर नजिकबाट नियालिरहेको छु । यो अनुभवले मैले भन्नै पर्छ कि त्रिभुवन विश्व बिद्यालयले समग्र प्रणालीमै सुधार खोजेको छ । संस्कारमा सुधार खोजेको छ । विश्व विद्यालयको सुधारका प्रयत्नहरु भएका पनि छन् । समयमा परीक्षाका नतिजाहरु निस्कन थालेका छन् । शैक्षिक क्यालेण्डर अनुसार काम भइरहेको छ । तर यहाँ धेरै राजनीति हुने गरेको आरोपकाबीच यहाँका सकारात्मक पक्षहरु ओझेलमा परि रहेका छन् । नकारात्मक कुराले मिडियामा धेरै स्थान पाएका छन् । यस विश्व विद्यालयमा राजनीतिलाई कम गर्ने प्रयास भइरहेको छ भन्ने फरक कोणबाट सञ्चार जगतले यससँग सम्बन्धित विषयलाई गहिराइमा गएर उठाउनु जरुरी छ ।

पत्रकारिता तथा आम-सञ्चार विभाग र यस विभागमै अध्ययन गरेका धेरै पत्रकार साथीहरु हुनुहुन्छ । विश्वविद्यालय सञ्चार जगतको सहज पहुँचमा छ । त्रिभुवन विश्व विद्यालय र यसले अवलम्बन गरेका नीतिहरुलाई आम विद्यार्थी र यसका सरोकारवालाहरु बीच सही सूचना पुर्‍याउन आवश्यक छ । यसले लिएका नीतिहरु गलत भएमा आलोचनात्मक चेतले खबरदारी गर्ने छुट हामी सबैलाई छ । विश्वविद्यालय र यस्ले लिने नीतिलाई सही बाटोमा डोर्‍याउन सरकार तथा सरकारमा रहने राजनीतिक दलहरुबाट विश्वविद्यालयमा प्रत्यक्ष वा अप्रत्यक्ष गरिने हस्तक्षेपलाई कम गरिनु पर्छ ।

विश्वविद्यालयलाई स्वायत्त विश्वविद्यालयको मार्गमा अघि बढाउन सरकार र राजनीतिक दलहरु पनि त्यत्तिकै संवेदनशील हुन जरुरी छ । त्यो बाटोमा प्रेरित गर्न हाम्रा कलम, आवाज र दृश्यहरुले काम गरुन् । त्रिभुवन विश्वविद्यालय सुधारका लागि सबैभन्दा यस विश्वविद्यालयसँग प्रत्यक्ष जोडिएका प्राध्यापक, शिक्षक र यहाँ अध्ययनरत विद्यार्थी तथा अविभावकहरू सुध्रिनु आवश्यक छ । प्राध्यापकले तोकेको समयमा प्राध्यापन गर्नु र कर्मचारीले तोकेको समयमा आफ्नो जिम्मेवारी पूरा गरेमात्र पनि विश्वविद्यालयमा धेरै सुधार भइहाल्ने स्थिति छ ।

शिक्षक कर्मचारीको पेसागत हितका खातिर विद्यार्थीलाई प्रयोग गरेर तालाबन्दी गरिनु, विद्यार्थीले आफ्नो विद्यार्थीका हितभन्दा ठेक्कापट्टामा ध्यान दिनु र आंशिक करार शिक्षकले हामीलाई स्वतः स्थायी गर्नुपर्ने माग गर्नु आदि पक्ष विश्वविद्यालयका बाधक पक्षका रुपमा देखिएका छन् । त्रिवि सेवा आयोगले वार्षिक रुपमा रिक्त प्राध्यापक कर्मचारीको दर बन्दी पूर्ति गर्ने वातावरणका लागि त्रिवि कार्यकारी र सिनेटले पूर्ण सहयोग गर्न आवश्यक छ । भिजन पेपरसहित विश्वविद्यालयको पदाधिकारी तथा सावधिक पदको जिम्मेवारीमा आएकाहरुले माथिका कुरामा ध्यान दिन सके विश्वविद्यालय सुधारले गति लिने निश्चित छ ।

(लेखक जनसंख्या अध्ययन विषयका उपप्राध्यापक हुन् । स्रोतः अनलाईनखबर)

## स्वविय निर्वाचनको प्रक्रिया सुरु

# सोमबार क्याम्पसहरुमा संगठन दर्ता











हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा संगठन दर्ताको गर्दै अनेरास्ववियु (तस्वीर-१), नेविसंघ (तस्वीर-२), अनेरास्ववियु क्रान्तिकारी (तस्वीर-३) र राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन (तस्वीर-४) ।

समाज संवाददाता

हेटौँडा : स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा सहभागी जनाउनका लागि मकवानपुरका विद्यार्थी संगठनले दल दर्ता गराएका छन् । मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा क्याम्पस, निर्मल बहुमुखी क्याम्पस, वंशगोपाल बहुमुखी क्याम्पस, मनहरी बहुमुखी क्याम्पस, पालुङ बहुमुखी क्याम्पसका विद्यार्थी संगठनले दल दर्ता गराएका हुन् । यस्तै वन विज्ञान अध्ययन संस्थानले भने मंगलबार मात्र दल दर्ताको कार्यतालिका राखेको स्वतन्त्र विद्यार्थी युनियनका कार्यवाहक अध्यक्ष अमृत देवकोटाले जानकारी दिनुभयो ।

मकवानपुर बहुमुखी क्याम्पसमा ७ वटा विद्यार्थी संगठन दर्ता भएको निर्वाचन अधिकृत सन्देश बिडारीले जानकारी दिनुभयो । यस्तै हेटौंडामा क्याम्पसमा ६ वटा दल दर्ता भएको निर्वाचन अधिकृत मनोज पोखरेलले जानकारी दिनुभयो । मनहरी बहुमुखी क्याम्पसमा पनि ६ वटा दल दर्ता भएका छन् । जसमा अनेरास्ववियु, नेपाल विद्यार्थी संघ, अनेरास्ववियु (क्रान्तिकारी), राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन, अखिल समाजवादी बिप्लब र अनेरास्ववियू लगायतका छन् ।

२०७९ साल चैत ५ गते सम्पन्न स्ववियु निर्वाचनबाट निर्वाचित पदाधिकारीको कार्यकाल आगामी चैत ४ गते कार्यकाल सकिँदैछ । त्रिभुवन विश्वविद्यालयले स्ववियु निर्वाचनको कार्यतालिका सार्वजनिक गर्दै चैत ५ गते मतदान हुने मिति तय गरेको छ । त्रिभुवन विश्वविद्यालयले मतदाताको सूचि फागुन २१ गते सार्वजनिक गर्नुपर्ने, उम्मेद्वारी दर्ता फागुन २७ गते तय गरेको छ । विद्यार्थीको हकहितको पक्षमा पैरवी गर्ने औपचारिक संस्थाको रुपमा स्ववियुको परिकल्पना गरिएको हो । स्ववियुले क्याम्पसको सञ्चालक समितिमा समेत विद्यार्थीको प्रतिनिधित्व गर्ने गर्दछ ।

# टावरडाँडा खानेपानीको दोस्रो साधारण सभा तथा अधिवेशन सम्पन्न

समाज संवाददाता

हेटौँडा : मकवानपुरगढी गाउँपालिका-३ मा रहेको टावरडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दोस्रो वार्षिक साधारणसभा तथा अधिवेशन सम्पन्न भएको छ । शनिबार सम्पन्न अधिवेशनले शत्रुघन दुलालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको समितिका सचिव शान्तप्रसाद दाहालले जानकारी दिनुभयो ।

समितिको उपाध्यक्षमा नेत्रप्रसाद चौलागाईं, सचिवमा शान्तप्रसाद दाहाल, कोषाध्यक्षमा सम्झना थिङ चयन हुनुभएको छ । सदस्यहरूमा बलराम भट्टराई, शर्मिला अर्याल, रामकुमारी तिमल्सिना, रामेश्वर घिमिरे र अनिल दाहाल रहनुभएको छ । लेखा संयोजकमा शिवराम न्यौपाने, सदस्यमा गोविन्द देवकोटा र सरिता चौलागाईंलाई चयन हुनु भएको छ ।

समितिले आर्थिक वर्ष २०८०/८१ मा १४ लाख ३० हजार ५५० रुपैयाँ आम्दानी र १४ लाख ५ हजार ४४५ रुपैयाँ खर्च गरेको छ । अध्यक्ष दुलालको सभाध्यक्षता तथा बागमती प्रदेश खानेपानी महासंघका अध्यक्ष बद्रीप्रसाद देवकोटाको प्रमुख आतिथ्यमा अधिवेशन भएको थियो । कार्यक्रममा मकवानपुरगढी गाउँ कार्यपालिका सदस्य दुर्गाबहादुर विश्वकर्मा, ३ नम्बर वडा सदस्य प्रेमबहादुर थोकर, जिल्ला खानेपानी महासंघका सचिव चन्द्रबहादुर योन्जन, रानी सामुदायिक वन उपभोक्ता समूहका कार्यालय सचिव भीमसेन पौडेल, विभिन्न टोल विकास संस्थाका पदाधिकारीहरुको उपस्थिति थियो ।

# म्युजिक भिडियो 'अझैपनि' सार्वजनिक





समाज संवाददाता

हेटौंडा: द इन्फेरियर ब्यान्डले आफ्नो पहिलो अफिसियल म्युजिक भिडियो 'अझैपनि' सार्वजनिक गरेको छ । सोमबार नारायणी सिनेमा हलमा एक समारोह गर्दै भिडियो सार्वजनिक गरिएको हो । 'अझैपनि' प्रेम, बिछोड र सम्झनाको भाव बोकेको गीत रहेको छ ।


कार्यक्रममा द इन्फेरियर ब्यान्डका अध्यक्ष सजित सिंह वाईबाको अध्यक्षता तथा वरिष्ठ संगीतकार एवम् गायक लाल श्रेष्ठको प्रमुख आतिथ्य रहेको थियो । सन्ध्या आचार्य र राजन थापाले 'अझैपनि' म्युजिक भिडियोमा मुख्य भूमिका निर्वाह गर्नुभएको छ । यस्तै, बाल कलाकार अमिक्षा घतानीको पनि अभिनय रहेको छ ।

गीतको शब्द र संगीत स्वयम् इन्फेरियर ब्यान्डले तयार पारेको हो । भिडियो इन्फेरियर ब्यान्डको आधिकारिक युट्युब च्यानलमार्फत् सार्वजनिक गर्ने बताइएको छ । कार्यक्रममा गायक टुल्कुबहादुर लामा, बाबु क्षेत्री, संगीतकर्मी विजय कार्की, अभिनेता अमिर गौतमलगायतको आतिथ्य रहेको थियो ।

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी




प्रथम गुरुङ
कक्षा-५




जेनिस लोप्चन
कक्षा-५

## मेरी भानु



आर्सी थापा मगर

सदैव तिमी म समक्ष रहन्छौ
सम्मान धेरै चर्चा पाउँछौं ।
हजुरको त्यो अदभुत् साहित्यकला
हजुर छँदा रम्छ यो पहाड छहरा सारा ।

श्रष्टा यहाँ मात्र सालिक
यो समस्त साहित्यको हजुर नै मालिक
हजुरको त्यो अदभूत साहित्यकला
हजुर छँदा रम्छ यो पहाड, छहरा सारा

बलियो जनता सबैथोक खप्ने
हजुरलाई न त कसैले हेप्ननै सक्ने
हजुर छँदा रम्छ यो पहाड छहरा सारा
हस्त अब जान्छु भानु

हृदयमा हजुरलाई नै राख्छु
दुःखद् खबर हजुरले केही नबोक्नु
हजुरको त्यो अदभूत साहित्यकला
हजुर छँदा रम्छ यो पहाड, छहरा सारा ।

*कक्षा-८*

## आमा



प्राप्ती सिंह

म जन्मेर पो
खान पाइन् आमाले
ज्वानाको झोले

जिन्दगीसँग
सुख दुःख छँदैछन्
के खोज्नु अरु ?

ठेलै ठेलाले
पुरिएको हत्केला
सबै भाग्य रेखा

कोदाको गेडा
दुखियाका पोल्टामा
मोतीका दाना

*कक्षा-६*

## १५ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

# महिला भलिबलको फाइनल समीकरण पूरा



समाज संवाददाता

हेटौंडा: १५ औं संस्करणको मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तर्गत महिला भलिबलतर्फको खेलमा फाइनल समीकरण पूरा भएको छ। सोमबार हेटौंडा-४, हुप्रचौर स्थित भलिबल कोर्टमा भएको भलिबल महिलातर्फको सेमिफाइनल चरणको खेलहरु सम्पन्न भएसँगै फाइनल समीकरण पूरा भएको हो।

आज मंगलबार प्रतियोगिताको फाइनल चरणको खेलहरु सञ्चालन हुनेछ। महिलातर्फको फाइनल खेलमा भीमफेदी गाउँपालिका र थाहा नगर पालिकाबीच प्रतिस्पर्धा हुनेछ। सोमबार भएको महिलतर्फको पहिलो सेमिफाइनल खेलमा हेटौंडा उपमहानगरपालिकालाई २-० को सोझो सेटले हराउँदै भीमफेदी गाउँपालिका फाइनलमा प्रवेश गरेको छ। दोस्रो खेलमा बकैया गाउँपालिकालाई २-० को सोझो सेटले हराउँदै थाहा नगपालिका फाइनलमा प्रवेश गरेको हो।

हेटौंडा उपमहानगरपालिकाको महिला टिमलाई २५-१९ र २५-१४ को सेटले भीमफेदी गाउँपालिकाले हराएको छ। बकैया गाउँपालिकालाई थाहा नगर पालिकाले २५-२२ र २५-१४ को सेटले हराएको हो।

यस्तै, पुरुषतर्फको खेलमा थाहा नगरपालिका फाइनलमा प्रवेश गरेको छ। भीमफेदी गाउँपालिकालाई २-० को सोझो सेटले हराउँदै थाहा नगरपालिका फाइनलमा प्रवेश गरेको हो। थाहाले भीमफेदीलाई २५-१२ र २५-१५ को सेटले हराएको छ।

सोमबारै सम्पन्न भएको पहिलो क्वार्टरफाइनल खेलमा पुरुषतर्फ बकैया गाउँपालिकालाई २-० को सोझो सेटले हराउँदै बागमती गाउँपालिका सेमिफाइनलमा प्रवेश गरेको थियो। बागमती गाउँपालिकाले बकैया गाउँपालिकालाई २५-२१ र २५-२२ को सेटले हराएको थियो। दोस्रो क्वार्टर फाइनल खेलमा कैलाश गाउँपालिकालाई २-० को सोझो सेटले हराउँदै थाहा नगरपालिका सेमिफाइनलमा प्रवेश गरेको थियो। थाहाले कैलाशलाई २५-८ र २५-१५ को सेटले हराएको थियो।

तेस्रो खेलमा मकवानपुरगढी गाउँपालिकालाई भीमफेदी गाउँपालिकाले २-१ को सेटले हराउँदै सेमिफाइनलमा प्रवेश गरेको थियो। पहिलो सेटमा २५-१२ ले भीमफेदीले मकवानपुरगढीलाई पराजित गरेको थियो। दोस्रो सेटमा मकवानपुरगढीसँग २२-२५ ले पराजित भएको भीमफेदीले तेस्रो सेटमा मकवानपुर गढीलाई १५-८ को सेटले सहजै पराजित गरेको थियो। राक्सिराङ गाउँपालिकालाई २-० को सोझो सेटले हेटौंडा उपमहानगर पालिकाको टिमले पराजित गरेको थियो। राक्सिराङलाई २५-१७ र २५-२२ को सेटले हेटौंडाले पराजित गरेको थियो।

भलिबल प्रतियोगितामा पुरुषतर्फ ९ वटा पालिकाको टिम र महिलातर्फ ८ वटा पालिकाको टिमको सहभागिता रहेको प्रतियोगिताका संयोजक नरेन्द्र मुक्तानले जानकारी दिनुभएको छ। भलिबल प्रतियोगितामा जिल्लास्तरीय प्रतियोगिताका लागि छनौट भएर सहभागी भएकामध्ये उत्कृष्टलाई छनोट गरेर प्रदेशस्तरीय प्रतियोगिताका लागि सहभागी गराउने संयोजक मुक्तानले बताउनुभयो। गतवर्ष सम्पन्न भएको जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पुरुषतर्फ थाहा नगरपालिका र महिलातर्फ भीमफेदी गाउँपालिकाले स्वर्ण जितेको थियो।

### एथ्लेटिक्सको ४ वटा विधाका खेल सम्पन्न

हेटौंडा: मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा सञ्चालन भइरहेको जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तर्गत एथ्लेटिक्सतर्फको खेल सम्पन्न भएको छ। आइतबारबाट सुरु भएको प्रतियोगिता अन्तर्गत एथ्लेटिक्सतर्फको खेलहरु सम्पन्न भएको हो।

सोमबार हेटौंडा-४ स्थित हुप्रचौरमा एथ्लेटिक्सतर्फको बाँकी रहेको ४ विधाका खेलहरु सम्पन्न भएको छ। छात्रतर्फको २०० मिटर दौडमा हेटौंडा उपमहानगर पालिकाका सुविन लामा प्रथम, बकैया गाउँपालिकाका सुशान्त राई द्वितीय र बागमती गाउँपालिकाका प्रविन राई तृतीय भएका छन्।

छात्रातर्फको २०० मिटरको दौडमा भीमफेदी गाउँपालिकाकी यशोदा पुडासैनी प्रथम, थाहा नगरपालिकाका आकृति गोपाली द्वितीय र बागमती गाउँपालिकाका आरती भोम्जन तृतीय भएका छन्। ३००० मिटर दौडमा छात्रतर्फ थाहा नगर पालिकाका शिशिर गुरुङ प्रथम, थाहा नगर पालिकाकै हरिकृष्ण लामा द्वितीय र बकैया गाउँपालिकाका सचिन लामा तृतीय भएका छन्। छात्रार्फको ३००० मिटर दौडमा भीमफेदी गाउँपालिकाकी संगीता भोलन प्रथम, थाहा नगरपालिकाकी युनिषा लामा द्वितीय र राक्सिराङ गाउँपालिकाकी सुस्मिता घलान तृतीय भएका छन्। हाइजम्पमा बागमती गाउँपालिकाका आगमन राई प्रथम, कैलाश गाउँपालिकाका नवराज मुक्तान द्वितीय र थाहा नगरपालिकाका प्रवीण खत्री तृतीय भएका छन्। छात्रार्फ बागमती गाउँपालिकाकी प्रीति माझी प्रथम, भीमफेदी गाउँपालिकाकी पूजा कुमारी द्वितीय र हेटौंडा उपमहानगरपालिकाकी स्मृति मुक्तान तृतीय भएका छन्।

यस्तै, ४ गुणा ४०० मिटर दौडमा छात्रतर्फ बकैया गाउँपालिका प्रथम, बागमती गाउँपालिका द्वितीय र मकवनपुरगढी गाउँपालिका तृतीय भएका छन्। छात्रातर्फ भीमफेदी गाउँपालिका प्रथम, बागमती गाउँपालिका द्वितीय र हेटौंडा उपमहानगर पालिका तृतीय भएका छन्। एथ्लेटिक्सतर्फको प्रत्येक विधामा प्रथम हुने खेलाडीहरु प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन पाउने नेपाल एथ्लेटिक्स संघका राष्ट्रिय निर्णायक राजाराम पोखरेलले जानकारी दिनुभएको छ। गतवर्ष सम्पन्न भएको प्रदेशस्तरीय एथ्लेटिक्सतर्फको प्रतियोगितामा मकवानपुरले तृतीय स्थान ओगटन सफल भएको प्रतियोगिताका निर्णायक रञ्जिता फुयाँलले बताउनुभएको छ। एथ्लेटिक्सतर्फको प्रतियोगितामा मकवानपुरले ८ वटा पदक प्राप्त गर्न सफल भएको उहाँले बताउनुभयो।

### छात्र कबड्डीमा हेटौंडा र थाहा फाइनलमा

हेटौंडा: हेटौंडामा जारी १५ औं संस्करणको मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तर्गत छात्रतर्फको कबड्डीमा हेटौंडा उपमहानगर पालिका र थाहा नगरपालिका फाइनलमा प्रवेश गरेको छ। सोमबार हेटौंडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा भएको सेमिफाइनल खेलमा जित निकाल्दै हेटौंडा र थाहाको टिम फाइनलमा प्रवेश गरेको हो।

सोमबार भएको खेलमा बागमती गाउँपालिकालाई हराउँदै हेटौंडाको टिम फाइनलमा प्रवेश गरेको हो भने मकवानपुरगढी गाउँपालिकालाई हराउँदै थाहा फाइनलमा प्रवेश गरेको हो। हेटौंडाले बागमतीलाई ७३-३६ र थाहाले मकवानपुर गढीलाई ४२-२२ ले हराएको थियो।

यस्तै, छात्रातर्फको कबड्डीमा बगमती गाउँपालिका फाइनल प्रवेश गरेको छ। पहिलो सेमिफाइनल खेलमा राक्सिराङ गाउँपालिकालाई ५८-३५ अङ्कले हराउँदै बागमती फाइनलमा प्रवेश गरेको हो। यस्तै, दोस्रो सेमिफाइनल खेलमा जीत निकाल्दै हेटौंडा उपमहानगर पालिकाको टिम फाइनलमा प्रवेश गरेको छ। थाहा नगरपालिकाको टिमलाई ४१-३७ ले हराउँदै हेटौंडाको टिम फाइनलमा प्रवेश गरेको हो।

सोमबार भएको छात्र कबड्डीतर्फको क्वार्टरफाइनल चरणको खेलमा जीत निकाल्दै हेटौंडा उपमहानगरपालिका, बागमती गाउँपालिका, थाहा नगरपालिका र मकवानपुरगढी गाउँपालिका सेमिफाइनलमा प्रवेश गरेको थियो। क्वार्टरफाइनल चरणको खेलमा हेटौंडाले मनहरीलाई, बागमतीले बकैयालाई, थाहाले वाइ पाएर र मकवानपुरगढीले राक्सिराङलाई हराउँदै सेमिफाइनलमा प्रवेश गरेको थियो।

कबड्डी प्रतियोगिताको छात्र र छात्रा दुबैमा ७ वटा पालिकाको सहभागिता रहेको संयोजक सुमन नेपालीले जानकारी दिनुभएको छ। प्रतियोगितामा सहभागी भएका ७ वटा पालिकाको टिमबाट उत्कृष्ट प्रदर्शनी गर्ने खेलाडी प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट हुने उहाँले बताउनुभयो। मंगलबार उसु र तेक्वान्दो खेल सम्पन्न गरेर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता समापन हुनेछ।

# 'अप्सरा' र 'बालविवाह' नाटक मञ्चन

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयले आयोजना गरेको नाटक प्रतियोगिताको दोस्रो दिन सोमबार 'अप्सरा' र 'बालविवाह' शीर्षकमा नाटक मञ्चन भएको छ। हेटौंडा-१२ स्थित बुद्ध माध्यमिक विद्यालय बाल समूहले 'अप्सरा' र हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमीका विद्यार्थीले 'बालविवाह' शीर्षकमा सचेतनामूलक नाटक प्रस्तुत गरेका हुन्।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देललगायतको आतिथ्य रहेको थियो।

## बुटवल मेयरकप स्नुकर प्रतियोगिता

# हेटौंडाका नितेश र सोम अन्तिम ८ मा



समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकाका नितेश खण्डेवाल र सोम लामा बुटवल मेयरकप स्नुकर प्रतियोगिताको अन्तिम ८ मा प्रवेश गरेका छन्। रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा जारी प्रतियोगिता अन्तर्गत सोमबारको दुई खेलमा जीत निकाल्दै नितेश र सोमले क्वार्टरफाइनलको यात्रा पूरा गरेका हुन्।

बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा भएको प्रिक्वार्टरफाइनल चरणको खेलमा हेटौंडाको प्रतिनिधित्व गरेका नितेशले काठमाडौं महानगरपालिकाका फूर्वा दोर्जे शेर्पालाई ५-२ को सेटले पराजित गरेका छन्। हेटौंडाकै अर्को खेलाडी सोम लामाले पाल्पाका कुनाल श्रेष्ठलाई ५-२ को सेटले पराजित गरेका हुन्।

प्रतियोगिता अन्तर्गत आज मंगलबार क्वार्टरफाइनल चरणको खेलहरु सञ्चालन हुनेछ। क्वार्टरफाइनल चरणको खेलमा नितेशले घरेलु टोली बुटवलका रेजिन श्रेष्ठसँग प्रतिस्पर्धा गर्नुपर्नेछ भने सोमले काठमाडौं महानगरपालिकाका कुमार शाहीसँग प्रतिस्पर्धा गर्नुपर्नेछ। हेटौंडाका नितेश र सोमले क्वार्टरफाइनल चरणको खेलमा जीत निकाल्दै सेमिफाइनको यात्रा पूरा गर्ने योजना बनाएका छन्।

क्वार्टरफाइनल चरणसम्मका खेल वेष्टअफ ९ मा खेलाइने छ भने सेमिफाइनल चरणको खेल वेष्टअफ ११ मा र फाइनल चरणको खेल वेष्टअफ १३ मा सञ्चालन हुने नितेशले बताउनुभयो। प्रतियोगिता फागुन २४ गतेसम्म सञ्चालन हुने हेटौंडा-४ स्थित बुद्ध स्नुकर हाउसका सञ्चालक पूर्णभक्त लामाले जानकारी दिनुभएको छ। प्रतियोगितामा हेटौंडाका ७ जना खेलाडीहरुको सहभागिता रहेको उहाँले बताउनुभयो। प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकासहित रुपन्देही, काठमाडौं, पोखरा, धरान, ललितपुर, भक्तपुर, नारायणगढ, इटहरी, बिर्तामोड, बनेपा, परासीलगायतका ठाउँहरुबाट करिब २ सय ५० जनाको हराहारीमा खेलाडीहरुको सहभागिता रहेको उहाँले बताउनुभयो।

प्रतियोगिताको उपाधि विजेताले ३ लाख ३ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले एक लाख एक हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ तथा सेमिफाइनलिष्टले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन्। यस्तै, राइजिङ्ग स्टार र अनुशासनको पालना गर्ने खेलाडीले स्नुकर स्टिक प्राप्त गर्नेछन्।

# 'राइड टु कोशी'मा १८ जना सहभागी

समाज संवाददाता

हेटौंडा: 'राइड टु कोशी' साइकल यात्रामा हिमालयन राइडर्स सोसाइटीका १८ जना सहभागी भएका छन्। गत शुक्रबार र शनिबार उदयपुर जिल्ला साइक्लिङ संघको आयोजनामा साइकल यात्रा भएको हो।

स्वास्थ्य पर्यटन प्रवर्द्धनका लागि साइकल भन्ने मूल नाराका साथ नेपाली सेनाको सहकार्यमा कार्यक्रम गरिएको हिमालय राइडर्स सोसाइटीका अध्यक्ष राजु थापा मगरले जानकारी दिनुभएको छ। उदयपुरको गाईघाटबाट कोशी पुलसम्म ६५ किलोमिटर दुरीको साइकल यात्रामा देशका विभिन्न भागका २ सय ५० जना साइकल यात्रीको सहभागिता रहेको उहाँले बताउनुभयो।

कार्यक्रममा सहभागी भएका साइकल यात्रीहरुले जाँदा र फर्कंदा गरेर १ सय ३० किलोमिटर दुरी पूरा गरेको उहाँले जानकारी दिनुभयो। साइकल यात्रामा हिमालयन साइडर्स सोसाइटीका अध्यक्ष मगरसहित लक्ष्मीचरण श्रेष्ठ, चेतनाथ आचार्य, बुद्धिबहादुर आले, कृष्णप्रसाद आचार्य, कृतम मानन्धर, दुर्गाप्रसाद लामिछाने, हरेराम राई, नवराज नेपाल, अशोक जोशी, ओकीलराज बानियाँ, गोपाल थापा, शशी घिमिरे, दीपक खनाल, बुद्धराम श्रेष्ठ, दुर्गा घिमिरे, श्याम गौतम र बरुण खतिवडा सहभागी भएका थिए।

साइकललाई समाजसँग जोड्दै स्थानीय पर्यटन प्रवर्द्धन गर्न, स्वस्थ जीवनशैली अपनाउन र वातावरणीय प्रदूषण न्यूनीकरण गर्न कार्यक्रम उपयोगी भएको उहाँले बताउनुभयो। कार्यक्रममा उदयपुरका राजनीतिक दलका प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी र विभिन्न निकायका पदाधिकारीको उपस्थिति रहेको थियो।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# कुलेखानी सिमखोलामा बेलिब्रिज हालिने

समाज संवाददाता

हेटौंडा : हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीको भैंसे भिमफेदी कुलेखानी काठमाडौं सडक खण्ड अन्तर्गत कुलेखानी जलाशयको ड्याम मुनी सिमखेलामा बेलिब्रिज निर्माण हुने भएको छ। बागमती प्रदेश सरकारले उक्त कुलेखानी सिमखोलामा बेलिब्रिज निर्माणका लागि ठेक्का आह्वान भएको हो।

यातायात पूर्वाधार निर्देशनालय हेटौंडा मार्फत् सो पुल निर्माणका लागि ठेक्का आह्वान भएको हो। गत असोज ११ र १२ गतेको अविरल वर्षासँगै आएको बाढीले कुलेखानी जलविद्युत् आयोजनाको ड्याममुनिको सिमखोलामा पुल बगाएको थियो। भारी वर्षासँगै कुलेखानी भरिएपछि 'ओभर फ्लो' रोक्न गेट खोल्दा इन्द्रसरोवर गाउँपालिका-२ स्थित कुलेखानी ड्यामको तल्लो भागमा रहेको सिमखोलाको पुलसँगै सडक क्षतिग्रस्त बनेको थियो। हाल उक्त स्थान भन्दा तलबाट खोलामा डाइभर्सन निर्माण गरेर सवारी सञ्चालन गरिएको छ।

बेलिब्रिज निर्माणका लागि निर्देशनालयले टेन्डर आह्वान गरेको छ। बेलिब्रिज राख्न र पहुँच मार्ग निर्माण गर्नका लागि १ करोड ७९ लाखको टेन्डर आह्वान गरिएको हो। सिमखोलामा करिव ५० मिटर लामो बेलिब्रिज रहने र सो बाहेकको स्थानमा पहुँच मार्ग निर्माण गर्नेगरी ठेक्का खुल्ला गरिएको छ। वर्षायाम सुरु हुनुअघि नै पुल राख्ने काम र पहुँच मार्ग निर्माण गर्ने निर्देशनालयले जनाएको छ।

कुलेखानी ड्याममुनिको सिमखोलामा भीमफेदी गाउँपालिका-६ स्थित माण्डुखोलामा रहेको बेलिब्रिज निकालेर हाल्ने गरी ठेक्का आह्वान गरिएको यातायात पुर्वाधार निर्देशनालय हेटौंडाका प्रवक्ता चन्द्रदेव भट्टले जानकारी दिनुभएको छ। माण्डुखोलाको बेलिब्रिज निकालेर ल्याउने र सिमखोलामा उक्त पुल अड्याउनका लागि निर्माण गरिने पक्की टेको र पहुँच मार्ग निर्माण गर्न टेन्डर आह्वान गरेको उहाँले बताउनुभयो। माण्डुखोलामा पक्की पुल निर्माण गरेर सञ्चालनमा आइसकेकाले त्यसस्थानमा रहेको बेलिब्रिज प्रयोगविहीन अवस्थामा रहेको उहाँको भनाई छ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ